नरैनापुर गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरैनापुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल


# प्रविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/१२/०६)

प्रस्तुत विषय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं.२०७८/०७९ च.नं. PMEP/२१० मिति २०७८/१०/०४ को पत्रानुसार यस नरैनापुर गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्रविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनु हुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ५/२०७८/०७९ | प्रविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. आवश्यक न्युनतम योग्यता र अनुभव :–

(क) सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाण पत्र वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको

(ख) अनुभव र सीप : प्रविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ :–

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
- पुर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धि सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

(ग) उमेर : कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

२. दरखास्त दिने स्थान : नरैनापुर गाउँपालिकाको कार्यालय, बाँके

३. दरखास्त दिने अन्तिम मिति : २०७८/१२/२०

४. आवेदनको दस्तुर : रु ४००।- (यस कार्यालयको Sunrise Bank Limited, नरैनापुर शाखामा रहेको बैंक खाता नं. 0740488087703006 मा रकम जम्मा गरी भौचर संलग्न गर्नुपर्नेछ । )

५. छनौटको किसिम : प्रम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

६. आवेदन साथ संलग्न कागजातहरु : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकता
- न्युन्तम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७. सेवा सुविधा : *गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धि प्रक्रियाको दफा (११), (१२) र (१३)* बमोजिम हुनेछ ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण : *गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धि प्रक्रियाको दफा (९)* बमोजिम हुनेछ ।

**नोट :** आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी **www.pmep.gov.np** र यस कार्यालयको वेबसाईट **www.narainapurmun.gov.np** मा उपलब्ध छ । थप जानकारीका लागि निम्न नं. मा सम्पर्क गर्न सकिने छ । **मकबुल अहमद मुकेरी (रोजगार शाखा प्रमुख) मो नं. : ९८५८०२८९५३**

भरत बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

✉ *narainapur.rm073@gmail.com* | 🌐 *www.narainapurmun.gov.np*